**आकाशवाणी समाचार- नेपाली**
**मितिः १४ जूलाई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. भारतको सबैभन्दा ठूलो बैश्विक ब्रस्त्र प्रदर्शनी, भारत टेक्स २०२६ आज नयाँ दिल्लीको भारत मण्डपममा सुरु हुँदैछ।

२. पश्चिम बंगालमा माछा मार्ने एक डुङ्गा पल्टिन्दा नौ जना मछुवाको मृत्यु भएको छ दुर्घटनाप्रति राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले दुःख व्यक्त गरेका छन ।

३. अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले होर्मुज जलडमरूमध्यमा इरानी जहाजमाथिको नाकाबन्दी पुनः सुरु गर्ने घोषणा गर्नुभयो ।

४. मौसम विभागले देशकू बिबिन्न राज्यहरुमा भारी वर्षाको पूर्वानुमान गरेको छ।

५. पुरुस क्रिकेटमा भारत र इंग्ल्यान्डबीचको तीन खेलको एकदिवसीय सिरिजको पहिलो म्याच आज बर्मिङघमको एजबास्टनमा हुँनेछ ।

**BHARAT TEX 2026**

भारतको सबैभन्दा ठूलो बैश्विक ब्रस्त्र प्रदर्शनी, भारत टेक्स २०२६ आज नयाँ दिल्लीको भारत मण्डपममा सुरु हुँदैछ। केन्द्रीय वस्त्र मन्त्री गिरिराज सिंहले यस कार्यक्रमको उद्घाटन गर्नुहुनेछ।

**पश्चिम बंगाल - नाव दुर्घटना**

पश्चिम बंगालमा माछा मार्ने एक डुङ्गा बंगालको खाडीमा पल्टिन्दा नौ जना मछुवाको मृत्यु भएको छ भने अन्य छ जना अझै हराइरहेका छन् । यो डुङ्गाले २ जुलाईमा शंकरपुर समुद्री बन्दरगाहबाट १५ जना मछुवाहरूलाई लिएर हिडेको थियो भने ५ जुलाईदेखि डुङ्गासँगको सम्पर्क विच्छेद भएको थियो। तटरक्षक बल, भारतीय नौसेना र राज्य एजेन्सीहरूको संयुक्त खोजी अभियानले आइतबार बंगालको खाडीमा डुबेको पत्ता लगाएको छ। डुंगाको क्याबिनबाट नौ जनाको शव फेला परेको छ । अझै छ जना बेपत्ता छन् । मृतकको शव थप पहचानका लागि दक्षिण २४ परगना जिल्लाको सीतारामपुर ल्याएर काटापुकुरको शवगृहमा राखिएको छ । डिएनए मिलाउनका लागि परिवारका सदस्यको रगतको नमुना संकलन गरिएको छ ।
राज्यका मत्स्य मन्त्री राजेश महतोले राज्य सरकार शोक सन्तप्त परिवारको साथमा रहेको बताउँदै डीएनए पहिचान र कानुनी औपचारिकता पूरा गरेपछि शव परिवारलाई हस्तान्तरण गरिने बताउनु भयो ।
दुर्घटनाप्रति राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले दुःख व्यक्त गरेका छन् भने मृतकका परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । यसैबीच प्रधान

मन्त्रीले प्रधानमंत्री राष्ट्रीय राहत कोषबाट प्रत्येक मृतकका परिवारलाई 2 लाख र घाइतेहरूलाई 50,000 रु अनुग्रह दिने घोषणा गर्नुभयो

**शव-वियतनाम**

भियतनामको फु क्वोक टापुमा नौका दुर्घटनामा मृत्यु भएका १५ जना भारतीय पर्यटकको शव स्वदेश ल्याइएको छ। भियतनामस्थित भारतीय दूतावासले एक सोशल मीडियामा पोष्ट गर्दै भियतनाम एयरलाइन्सको हो चि मिन्ह सिटीबाट शव मुम्बई ल्याएको जनाएको छ। आन्ध्र प्रदेश, केरला र तामिलनाडु सरकारले मृतकको पार्थिव शरीरलाई आ–आफ्नो राज्यमा लगेर उनीहरूको निवासमा पुर्याउन समन्वय गर्ने दूतावासले जनाएको छ। दूतावासले भियतनाम सरकार र अधिकारीप्रति आभार व्यक्त गर्दै उहाँहरुको प्रार्थना, प्रयास र उपस्थितिले दुःखको यस घडीमा शक्ति प्रदान गरेको जनाएको छ। भियतनामको फु क्वोक टापुमा शुक्रबार ३२ भारतीय पर्यटक र चार स्थानीय चालक दलका सदस्य रहेको स्पिडबोट डुबेको थियो। जसका कारण १५ पर्यटकको मृत्यु भएको छ। दुर्घटनामा बाँचेका १६ जना पर्यटक पनि भारत फर्किएका छन्। तीमध्ये एक जना पर्यटक भियतनामको एक अस्पतालमा भर्ना भएका छन्।

**भारत – निर्यात**

यस वर्ष अप्रिलदेखि जुनसम्म भारतको कुल निर्यात 232 अर्ब अमेरिकी डलरभन्दा बढी हुने अनुमान गरिएको छ। यस अवधिमा गत वर्षको सोही अवधिको तुलनामा 11 दशमलव तीन-सात प्रतिशतले वृद्धि भएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले यस वर्ष जुनमा कुल निर्यात 73 अरब 45 करोड़ अमेरिकी डलर हुने अनुमान गरेको बताएको छ। यी तथ्याङ्कहरूको आधारमा, गत वर्षको सोही महिनाको तुलनामा निर्यातमा नौ दशमलव चार-आठ प्रतिशतले वृद्धि भएको देखिएको छ।

**वेव्स - क्रिएट इन इंडिया**

सूचना र प्रसारण मन्त्रालयले 'वर्ल्ड अडियो भिजुअल एन्ड इन्टरटेनमेन्ट समिट' - WAVES 2027 'क्रिएट इन इन्डिया च्यालेन्ज' सिजन २ अन्तर्गत उद्योग-संचालित चुनौतीहरूको लागि प्रस्तावहरू आमन्त्रित गरेको छ। 'क्रिएट इन इन्डिया च्यालेन्ज' वेव्स अन्तर्गत एक प्रमुख पहल हो। यस पहलको उद्देश्य मिडिया र मनोरञ्जन क्षेत्रमा सिर्जनाकर्ताहरूको पहिचान, पालनपोषण, निखार र पर्दाफास गर्नु हो। सिजन २ को उद्देश्य उद्योग-संचालित, सरकार-समर्थित, र युवा-केन्द्रित चुनौतीहरूलाई सम्बोधन गर्नु हो जसले रचनात्मक प्रतिभाको पहिचान र पोषण गर्दछ, साथै कौशल विकासहरू सुधार गर्दछ र क्षमता निर्माणलाई बढावा दिन्छ।

**नीट-ओएमआर शीट**

राष्ट्रीय परीक्षा एजेंसी-एनटीएले NEET-UG 2026 पुन: परीक्षाको ओएमआर सिट र उत्तरहरू रेकर्ड जारी गरेको छ। एजेन्सीले उम्मेदवारहरूले एनटीएको वेबसाइटमा neet.nta.nic.in मा आफ्नो आवेदन नम्बरमा लग इन गर्न सक्ने र आफ्नो ओएमआर सिट हेर्न सक्ने जनाएको छ। उम्मेदवारहरूले उनीहरूको चिह्नित उत्तरहरू स्क्यानरले पढेका उत्तरहरूसँग तुलना गर्न सक्दछन्। यदि उत्तर मिलेन भने उम्मेदवारले आफ्नो छनौट गरेको विकल्पलाई प्रश्न छनौट गरेर चिन्ह लगाउन सक्छन् र २०० रुपैयाँ शुल्क तिरेर चुनौती दिन सक्छन्। एजेन्सीले स्पष्ट पारेको छ कि यदि चुनौती सही साबित भयो भने शुल्क फिर्ता गरिनेछ। ओएमआर च्यालेन्ज सुविधा यस महिनाको

१५ तारिखसम्म उपलब्ध हुनेछ। उम्मेदवारहरूले एनटीए हेल्पलाइन नम्बर 011-40759000 र 011-69227700 मा सम्पर्क गर्न सक्ने र neetug2026@nta.ac.in ईमेल गर्न सक्नेछन।

**संयुक्त राष्ट्र सुरक्षा परिषद - भारत**

भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा वर्ष २०२८–२९ को कार्यकालका लागि निर्वाचन अभियान सुरु गरेको छ। न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा विदेशमन्त्री डा. एस जयशंकरले भारतको उम्मेदवारी प्रस्तुत गर्दै 'शांति' दृष्टिकोण सार्वजनिक गर्नुभयो।उहाले वर्तमान विश्व परिस्थितिमा संयुक्त राष्ट्र संघको भूमिका पहिलेभन्दा अधिक  महत्वपूर्ण भएको बताउनु भयो ।जयशंकरले भन्नुभयो, भारतले अहिलेसम्म लगभग तीन लाख शान्ति सैनिकहरूलाई लगभग पचास संयुक्त राष्ट्र शान्ति मिशनहरूमा पठाइसकेको छ र वर्तमान समयमा चार हजार तीन सयभन्दा अधिक  भारतीय सैनिकहरू दस मिशनहरूमा तैनाथ छन्।

**होर्मुज जलडमरूमध्य**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले होर्मुज जलडमरूमध्यमा इरानी जहाजमाथिको नाकाबन्दी पुनः सुरु गर्ने घोषणा गर्नुभयो। साथमा इरानसँग व्यापार गर्ने जहाजहरूलाई समुद्री सुरक्षाको लागतको लागि बीस प्रतिशत शुल्क लाग्ने बताउनु भयो। राष्ट्रपति ट्रम्पले अन्य देशबाट व्यावसायिक जहाजको आवागमन पहिलेजस्तै जारी रहने बताउनु भयो। यस्तै अमेरिकी सेनाले मंगलबार रातिदेखि इरानको बन्दरगाहमाथिको नाकाबन्दी पुनः सुरु गर्ने बताएको छ। अर्कोतर्फ इरानले अमेरिकाको निर्णयलाई अस्वीकार गर्दै होर्मुज जलडमरूमध्यको व्यवस्थापनमा अमेरिकी हस्तक्षेप कुनै पनि हालतमा स्वीकार नगर्ने बताएको छ।

**मौसम**

मौसम विभागले बिहार र उडिसामा भारी वर्षाको पूर्वानुमान गरेको छ। अरुणाचल प्रदेश, छत्तीसगढ, झारखण्ड, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, पश्चिम बंगाल, सिक्किम, असम र मेघालयमा पनि भारी वर्षा हुने सम्भावना छ। अण्डमान र निकोबार द्वीप समूह, आन्ध्र प्रदेश, जम्मू र कश्मीर, लद्दाख, बिहार, गङ्गेय पश्चिम बङ्गाल, झारखण्ड, सिक्किम, कर्नाटक र उडिसामा मेघगर्जन/चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको छ।

**क्रिकेट- भारत-इंग्लैंड**

भारत र इंग्ल्यान्डबीचको तीन खेलको एकदिवसीय सिरिजको पहिलो म्याच आज बर्मिङ्घमको एजबास्टनमा हुँनेछ। खेल भारतीय समयअनुसार दिउसो ३३० बजे सुरु हुनेछ। भारतीय टिममा विराट कोहली र रोहित शर्माको पुनरागमन भएको छ भने तीव्र गतिका बलर जसप्रीत बुमराह पनि टिममा फर्किएका छन्। सिरिजको दोस्रो खेल बिहीबार कार्डिफमा हुनेछ भने तेस्रो तथा अन्तिम खेल जुलाई १९ मा लर्ड्समा हुनेछ।